कालिमाटी गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कालिमाटी सल्यान

कर्णाली प्रदेश, नेपाल

## गंगामाला मन्दिर तथा मेला व्यवस्थापन सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति - २०८०/०८/२४

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कालिमाटी गाउँपालिकाको आर्थिक ऐन २०८० (सभाबाट पारित) बमोजिम कालिमाटी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने वडा नं. ३ स्थित गंगामाला भगवती मन्दिरमा बली चढाइएका बोकाको टाउकाहरुको व्यवस्थापनका लागि मिति २०८०।०९।०९ गते देखि ११ गते सम्म जम्मा ३ (तीन) दिनको र मेला व्यवस्थापन र मेला कर संकलनको सम्पूर्ण कार्य गर्नको लागि लागि रु १ लाख ५० हजार नघटाई बढीबढाउमा ठेक्का टेन्डर गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाण-पत्रहरु र नागरिकताको प्रतिलिपि संलग्न गरी तथा उक्त कार्यगर्न योग्य भएको स्व-घोषणापत्र संलग्न गरी तपसिलमा रहेका शर्तहरुको अधिनमा रही रितपूर्वक ठेक्का बोलकबोल गर्नको लागि सूचना आह्वान गरिन्छ ।

| क.सं. | विवरण | न्यूनतम अङ्क | सम्झौता गर्दा दाखिला गर्नुपर्ने रकम | बाँकी रकम दाखिला गर्ने मिति |
|---|---|---|---|---|
| १ | बोकाको टाउका, खुट्टाहरु र मेला व्यवस्थापन र मेला कर संकलनको सम्पूर्ण कार्य | १,५०,०००।- अक्षरुपी एक लाख पचास हजार | १,००,०००।- एकलाख मात्र | मिति २०८०।०९।१२ ४ : ०० बजे भित्र |

<u>शर्तहरु मन्दिर</u>

१. मिति २०८०।०९।०९ देखि ११ गते सम्मको दैनिक गंगामाला मन्दिरमा दर्शन गर्न आउने भक्तालुहरुले भाकल स्वरुप ल्याउने बोकाको टाउकाहरु तथा खुट्टाका सपेटाहरु विक्री वितरण गर्ने ।

२. मन्दिर व्यवस्थापनले दैनिक चलनचल्तीको दर प्रति केजी रु २५०।- अक्षरुपी दुईसय पचास नबढाई बिक्री वितरण गर्ने ।

३. मिति २०८०।०९।०९ देखि ११ सम्म जम्मा ३ तिन दिनको पुजारी तथा लेखापालले पाउने नियमानुसार खाइपाइ आएको अतिरिक्त पारिश्रमिक बोलकबोल वाला व्यक्ति तथा फर्मले व्यहोर्नुपर्ने

४. दर्ता शुल्क रु १०००।- अक्षरुपी एक हजार मात्र बुझाउनुपर्ने ।

<u>मेला क्षेत्र</u>

१. मेला आसापासका क्षेत्रमा रेखाङ्कित स्टलको व्यवस्थापन गर्ने ।

२. पार्किङको छुट्टै व्यवस्थापन गर्नुपर्ने:- बाइक - रु २०।- अटो रु ५०।- ट्याक्सी/कार रु १५०।- हाइस/मिनि बस रु २००।- ठुला गाडीहरु रु ५००।-

३. व्यवसायको प्रकृति हेरी स्टलहरुको रु २०० देखि ४०० सम्म शुल्क लिनुपर्ने ।

४. मेलाक्षेत्रको ५०० मिटर आसपासमा हो-हल्ला, जुवातास, धुम्रपान तथा मध्यपान निषेधको सूचना जारी गरी मेला शान्तिपूर्ण रुपमा सम्पन्न गर्ने वातावरणको सिर्जना गर्नुपर्ने ।

*(नोट :- बोलकबोल दर्ता गर्ने अन्तिम मिति :- २०८०/०९/०१ गते कार्यालय समयभित्र, अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुने छ)*

नि. प्रमुख प्रशासकीय अधिकृत

**नि.प्रमुख प्रशासकीय अधिकृत**